**निर्णय नं. १ :**

यस नगरपालिका र उद्योग बाणिज्य संघ खैरहनीको संयुक्त आयोजनामा यही मिति २०७५।०८।१६ गते देखि २०७५।०८।२४ गतेसम्म सञ्चालन हुने प्रथम खैरहनी महोत्सवलाई प्रभावकारी रुपमा सम्पन्न गर्न महोत्सव तयारी मुल समितिसंग समन्वय र सहकार्य गर्न तपसिल बमोजिमका पदाधिकारीहरु रहेको एक समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| क. | संयोजक | श्री मनेजर चौधरी |
| ख. | सदस्य | श्री टिकादत्त इटनी |
| ग. | सदस्य | श्री टेक बहादुर थापा |
| घ. | सदस्य | श्री प्रकाशचन्द्र पौडेल |
| ङ. | सदस्य | श्री राजेश कोइराला |

**निर्णय नं.२ :**

विभिन्न वडा अन्तर्गत कार्यक्रमहरु संचलन गर्दा विशेष कोषबाट खर्च भएको तपसिल बमोजिमको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

क. वडा नं. ५ मा पोलवत्ती जडान गर्दा भुक्तानी भएको वडा स्तरीय स्थनीय विकास कोष रकम मध्ये फरक रुकम रु.७६२६ ।

ख. वडा नं. ३ सिद्धिपुर क्याम्प जाने बाटोमा ढल कल्भर्ट निर्माणमा नगरस्तरीय मर्मत संभार कोषबाट भुक्तानी भएको रकम रु.२६७९६६।००

**निर्णय नं.३ :**

नगरक्षेत्रमा संचालन हुने योजनाहरुमा तथा विभिन्न प्रयोजनको लागि माटो उत्खनन, ढुंगा गिट्टी, बालुवा ढुवानी गर्दा प्रयोग हुने ट्याक्टर, ट्रिपर र अन्य सवारी साधन प्रयोग गर्दा नगरपालिकाले तोकेको बार्षिक कर दाखिला गरी नगरपालिकामा दर्ता भएका सवारी साधन मात्र प्रयोग गर्ने, त्यसरी ढुवानीको लागि प्रयोग भएका सवारी साधनले त्यस्ता कार्यहरुमा कार्य गरेको भुक्तानी माग भएको अवस्थामा त्यस्तो भुक्तानी नगरपालिकाबाट नदीने निर्णय गरियो ।

**निर्णय नं.४ :**

यस नगरपालिकाका कर्मचारी श्री गोविन्द प्रसाद तिमिल्सीनालाई मिति २०६३।०४।०१ देखि लागु हुने गरी तत्कालिन खैरहनी नमूना गाँऊ विकास समितिले एक तह स्वत: बढुवा हुने गरी निर्णय गरेको, निजलाई सो अवधि देखि हालसम्म बढुवा भएको पदको तलब भत्ता भुक्तानी नभएको र बढुवा भएकै मिति देखि बढुवा भएको पदको तलब भत्ता भुक्तानी पाँऊ भनी परेको निवेदनको सम्बन्धमा निजलाई मिति २०६९।११।२८ देखि जेष्ठता कायम हुने गरी मिति २०७५।०४।०१ देखि खरिदार (सहायक स्तर चौथो) को तलब भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५ :**

खैरहनी नगरकार्यपालिकमा हाल कार्यरत तपसिलका अस्थायी कर्मचारीहरु अन्य निकायबाट सरुवा भई आउनु भएको र निजहरुको सेवा निरन्तरता सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौं मिति २०७५।०५।१२ च.नं. ११३ बमोजिम अस्थायी तथा सेवा करार तर्फका जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने भनी परीपत्र प्राप्त भए बमोजिमको बुँदा नं. ८(ग) अनुसार सेवा सुविधा उपलब्ध गराई सेवाबाट अवकास दिने भनी उल्लेख भई आएको हुँदा सो बमोजिम हिसाव गरी निजले प्राप्त गर्ने तलब भत्ता प्रदान गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | नाम, थर | पद/सेवा | हाजिरी समय | निजलाई भुक्तानी दिने रकम |
|---|---|---|---|---|
| १. | श्री महेश प्रसाद ढकाल | खा.पा.स.टे.(अस्थायी) | मिति २०७५ साल कार्तिक १४ गतेसम्म | १,२२,४६३।०० |

**निर्णय नं. ६ :**

खैरहनी नगरकार्यपालिकामा मौजुदा प्राविधिक कर्मचारीहरुबाट योजनाको लगत अनुमान, नापी, मुल्याङ्कन लगायतका कार्यहरु सम्पादन गर्दा समय बढी लाग्न गई प्राविधिक जनशक्ति अभाव भएको महसुश गर्दै चालु आ.व.का लागि दुईजना सव ईञ्जिनियर (ओ.सि.) दैनिक ज्यालादारीमा भर्ना गरी कामकाज अगाडी बढाउन नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

खैरहनी नगरपालिकाको चौथो नगरसभा मिति २०७५ साल पौष ७ गते दिनको ११:०० बजे नगरकार्यपालिकाको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

२७ औं अन्तराष्ट्रिय अपाङ्ग दिवश यही मिति २०७५ साल मंसिर १७ गते परेको हुँदा उक्त दिनमा १३ वटै वडाबाट अपाङ्गहरुको प्रतिनिधित्व हुने गरी कार्यक्रम संचालन गर्ने उक्त कार्यक्रमका लागि समावेशी शिर्षकमा विनियोजित अपाङ्गको बजेटबाट रु.५०,०००।०० खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यही मिति २०७५ साल मंसिर ९ गते देखि २४ गतेसम्म “लैङ्गीक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार” भन्ने मुल नाराका साथ “हिंसा गर्दिन, म हिंसा सहदिन र हिंसा गरेको देखेमा प्रतिकार गर्नेछु” भन्ने प्रतिबद्धता जाहेर गर्दै लैङ्गीक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गतको अन्तिम दिन १३ वटै वडाबाट महिला जनप्रतिनिधीज्यूहरु, महिला संघसंगठनका प्रतिनिधीज्यूहरु, आमा समूहहरु, महिला सहकारी संस्थाका प्रतिनिधीज्यूहरु, महिला अधिकारकर्मीहरु लगायतको सहभागितामा बृहत र्‍याली सहितको नगर परिक्रमा गरी समापन गर्ने र उक्त कार्यक्रमको लागि आवश्यक बजेट नगरपालिकाले व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाइ भरतपुरबाट कार्यान्वयन भै यस नगरपालिकामा हस्तान्तरण भै आएको तपसिलमा उल्लेखित योजनाहरुको लागि रु.३६,००,०००।०० (छत्तीस लाख) रकम प्राप्त भएकोले दुवै योजनाका लागि रु.१८/१८ लाखका दरले रकम विनियोजन गरी कार्य संचालन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

क. कंकाली मा.वि. भवन निर्माण – रु.१८,००,०००।००

ख. जनजीवन मा.वि. भवन निर्माण – रु.१८,००,०००।००

**निर्णय नं. ११**

यस नगरपालिकाको वडा नं. ४ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा मिति २०७५।०६।१९ मा प्रकाशित ठेक्का नं.001/KNPF/CHT-KMun/NCB/075-076 को ठेक्का मुल्याङ्कन गर्दा रु.९६,१३,७७७।२८ (भ्याट सहित) कबोल अंकसहित बोलपत्र दर्ता गर्ने बोलपत्रदाता श्री स्काईलाई विल्डर्स प्रा.लि.रत्ननगर-१२, चितवन, न्यून मुल्याङ्कीत गरी सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले उक्त बोलपत्र स्वीकृत गरी सम्बन्धीत बोलपत्रदातासंग सम्झौता गरी निर्माण कार्य अगाडी बढाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२**

यस नगरपालिकाको सभाहल भवन निमार्ण सम्बन्धमा मिति २०७५।०६।२६ गते प्रकाशित ठेक्का नं.002/KNPF/CHT-KMun/NCB/075-076 को ठेक्का मुल्याङ्कन गर्दा रु.६७,९१,६८३।५९ (भ्याट समेत) कबोल अंकसहित बोलपत्र दर्ता गर्ने श्री प्रसंशा कन्सट्रक्सन, देखिन आएकोले उक्त बोलपत्र स्वीकृत गरी सम्बन्धीत बोलपत्रदातासंग सम्झौता गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१३**

यस खैरहनी नगर पालिकाका विभिन्न वडास्तरका बिशेष कोषहरुबाट सञ्चालन हुने योजनाहरुको वडा कार्यालयहरुबाट छनौट भई आएमा सोही बमोजिम नगर प्रमुखबाट स्वीकृती गराई कार्यान्वयन गर्ने व्यवस्थाका लागि कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।